## नेपाल विद्यावारिधि संघको पन्ध्रौ वार्षिक साधारण सभामा प्रस्तुत
## महासचिवको संगाठनिक प्रतिवेदन २०८०

**डा. अलक बाबु प्रसाई**
**महासचिव**

नेपाल विद्यावारिधि संघको पन्ध्रौ वार्षिक साधारण सभामा आदरणीय अध्यक्षज्यू, कार्यसमितिका सदस्यज्यूहरु, सल्लाहकारज्यु र सहभागी सम्पूर्ण आजीवन तथा साधारण सदस्यज्यूहरु, नेपाल विद्यावारिधी संघको पन्ध्रौ साधारण सभामा हार्दिक स्वागत एवं नमस्कार ।

### पृष्ठभूमि

नेपाल विद्याविरिधि संघ विभिन्न विधामा देश विदेशबाट विद्यावारिधि हासिल गरेको बौद्धिक व्यक्तिहरुको साझा संस्था हो । स्वदेशमा मात्र नभई विदेशी मुलुकहरुमा पेशा व्यवसाय गरी बसिरहनु भएकाहरुको बीचको दुरिलाई क्रमश: कम गर्दै एक आपसमा भएको ज्ञान, शिप र अनुभवको आदानप्रदान गरी समग्र मुलुक निमार्णको अभियानमा पनि उपस्थिति र सहभागिता देखाउन पनि आवश्यक हुन्छ । मिति २०६६ मंसिर ९ गते संघसंस्था दर्ता ऐन अनुसार नेपाल विद्यावारिधि संघ नामक संस्था जिल्ला प्रशासन कार्यालय काठमाडौंमा विधिवत रुपमा दर्ता भएको सबैमा विदितै छ ।

नेपाल विद्यावारिधि संघले क्रियाशील रुपमा काम गर्दै आएको छ । जसको फलस्वरुप आज हामी संघको पन्ध्रौ साधारण सभामा सहभागी भैरहेका छौं । वार्षिक साधारण सभाको मुलभूत काम भनेको अघिल्लो साधारण सभाबाट अगाडि सारिएको कार्य योजनाहरु एवं कार्यसमितिले वर्षभरिमा सम्पादन गरेका कामहरुको समीक्षा गरी आगामी वर्षको कार्ययोजना सहितको बाटो तय गर्नु हो । यसर्थ, यस साधारण सभामा यहाँहरुको गरिमामय उपस्थिति एवं छलफलबाट प्राप्त सुझावहरुको आधारमा मात्र अर्को साधारण सभा सम्मको भावी यात्रा तय सम्भव छ । हाम्रो जस्तो गरिवी, अशिक्षा, सामाजिक एवं साँस्कृतिक विभेदमा रुमलिएका गरिव र पिछडिएका वर्ग समुदायको पनि हामीमा आसा भरोसा छ । नेपाली समाजको यस्तै भरोसामा हाम्रो योगदानबाट केहि हदसम्म पुरा हुनेछ भन्ने अपेक्षा लिएका छौ । देशको समृद्धि र विकासमा पनि नेपाल विद्यावारिधि संघको महत्वपूर्ण भुमिका हुनुपर्छ भन्ने विश्वासकासाथ अगाडी वढिरहेको जानकारी गराउन चाहन्छौ ।

### उद्देश्य

बौद्धिक नेपालीहरुको विचारको आदान प्रदान गर्ने साझा घरको रुपमा स्थापित यस संघले निम्नानुसारका विशिष्ट उद्देश्यहरु लिएको व्यहोरा यहाँहरुलाई विदितै छ ।

- स्वदेश तथा विदेशमा छरिएर रहनुभएका विभिन्न विधामा विद्यावारिधि हासिल गर्नुभएका ब्यक्तिहरु बीच सञ्जाल निर्माण गरी संघलाई Think Tank को रुपमा स्थापित गर्ने ।
- देशमा विद्यमान समसामयिक मुद्दाहरुमा केन्द्रित रही प्राज्ञिक समुदाय, बौद्धिक वर्ग र विभिन्न सरोकारवालाहरु बीच छलफल एवं बहस र अन्तरक्रियाहरु सञ्चालन गरी प्राप्त राय सुझावहरु नीति निर्माण कर्तासम्म प्रस्तुत गर्ने ।

- विद्यावारिधि उपाधि प्राप्त हामी सबैले विभिन्न विशिष्टकृत विधाहरुमा गरेका अनुसन्धानमुलक कार्यहरुको ज्ञान र अनुभव एक आपसमा आदान प्रदान गर्ने र सामाजिक, आर्थिक र साँस्कृतिक लगायत देशको समग्र विकासमा टेवा पुर्याउन सहयोग गर्ने । यसका अतिरिक्त विज्ञ एवं बौद्धिक जमातको ज्ञान र शीपको उपयोग गर्न विभिन्न संघ संस्थाहरुसंग साझेदारी गर्ने ।

**नेपाल विद्यावारिधि संघमा आवद्धता**

देशको उच्च वौद्धिक वर्गको रुपमा स्थापित हामी समाजको सकारात्मक परिवर्तनका लागि आफ्नो भूमिकाको खोजिमा छौं । एक्लो भूमिकालेभन्दा सामुहिक र संगठित भूमिकाले मुलुक निर्माणमा बढि योगदान पुर्याउन सकिन्छ भनेर यस संघमा संगठित र आवद्ध भएका छौं । यस भावनालाई मूर्तरुप दिन संघको उद्देश्य अनुसार ज्ञानको आदान प्रदान, अध्ययन अनुसन्धान, संजाल विस्तार र युवा वर्गलाई अध्ययन अनुसन्धान कार्यमा लाग्न प्रेरित गर्दै विद्यावारिधि उपाधि हासिल गर्न उत्प्रेरणा जगाउने जस्ता कार्यहरुलाई प्राथमिकताका साथ संचालन गर्दै आएका छौं । यसर्थ, यस संघमा संगठित भइ आफ्नो ज्ञान, शीप र क्षमतालाई  अझ प्रगाढ बनाउँदै यसको समुचित उपयोगमा लाग्न हामी जो कोहीले पनि संकोच मान्नु पर्दैन ।

**सांगठनिक अवस्था**

नेपाल  विद्यावारिधि संघको स्थापनाकालदेखि बर्तमान अवस्थासम्म आइपुग्न यस संघमा आवद्ध तपाई हामीहरुको ठूलो मेहनत र लगानी परेको छ । सम्पूर्ण सदस्यहरको विश्वास र भरोशा नै संघको आधारशीला बनेको छ । संघको आर्थिक आधारशीला भनेको सदस्यता शुल्क वापतको रकम, संस्थागत शुल्क तथा कार्यसमितिका साथीहरुबाट बेला बेलामा उठाइने सहयोग हो । साथै यस संघले परामर्श सेवा बापत गरेको आर्जन र अन्य संघ संस्थाहरुको सहकार्यमा गरिने अन्तरक्रिया एवं गोष्ठिहरुका कारण आर्थिक रुपमा केही सहजता भएको छ । तथापि संघलाई आर्थिक रुपमा सबल, भरपर्दो र मजबुत बनाउन हाम्रो ध्यान केन्द्रित हुनु जरुरी छ ।

संघका सदस्यहरु लगायत अन्य PhD holder हरुसंग नियमित सम्पर्ककोलागि Electronic तथा Print Media को माध्यमबाट सार्वजनिक गरिएका विभिन्न प्रचार सामाग्री तथा प्रकाशनहरु, विभिन्न समयमा आयोजना गरिएका समसामयिक मुद्दाहरु वा विषयहरुमा आधारित अन्तरक्रिया, गोष्ठिहरु र अध्ययन तथा अनुसन्धानमूलक गतिवितिहरु नेपाल विद्यावारिधि संघको उपस्थिति र जिवन्तताको पहिचान हुन् ।

नेपाल विद्यावारिधि संघको चौधौं वार्षिक साधारण सभा यता एक वर्षमा विभिन्न मितिहरुमा गरी १४  वटा भौतिकरुपमा तथा १० वटा प्रोफाइल पब्लिकेसन कमिटिको बैठक तथा ३ वटा विषयगत प्रस्तुति गरिएको छ । यसमा कार्यसमितिका सदस्यहरुको उत्साहजनक सहभागिता रहेको हामीले महसुस गरेका छौ ।

**२०७९ वैशाख ९ गते देखि आजको मिति सम्म आजीवन सदस्यमा आवद्ध हुने विद्यावारिधिहरुको नामवली**

- डा. नरविक्रम थापा

- डा. हरिबाबु तिवारी
- डा. रामशरण थपलिया
- डा. सुरक्षा सुवेदी
- डा. दिपक प्रसाद बास्तोला
- डा. भिष्म कार्की
- डा. सन्जिव मिश्र
- डा. राजेश्वरी मल्ल
- प्रा. डा. उद्धवराज खड्का
- डा. विमल कुमार तिवारी
- डा. चेत कुमारी गुरुङ
- डा. रोजी श्रेष्ठ
- डा. मुनीराज क्षेत्री
- डा. आर.सि. लामिछाने
- डा. रन बहादुर थापा
- डा. रमानन्द पण्डित
- डा. गिरिसराज पन्थ
- डा. विष्णुहरी तिमिल्सिना
- डा. सविना महर्जन
- डा. रानी गुप्ता शाह
- डा. हिमाल भट्टराई
- डा. गंगादत्त नेपाल

**हाल प्राप्त गरिएका उपलब्धिहरु सहकार्य तथा समन्वय**

- विभिन्न सरोकार निकायहरुसंग छलफल
- WWF संग सहकार्य सम्वन्धि छलफल
- NPC संग सहकार्य सम्बन्धि छलफल
- NAST संग सहकार्य सम्वन्धि छलफल
- Tourism Board संग सहकार्य सम्वन्धि छलफल
- युएसऐडसंग सहकार्य
- अर्थमन्त्रालयबाट परामर्श सेवा सम्बन्धि छलफल
- शिक्षा मन्त्रलयसंग विज्ञको सहकार्य

**प्रकासन तथा वितरण**

- ब्रोसर प्रकासन तथा वितरण
- प्रमाणपत्र तथा ब्याज वितरण
- संघका सदस्यहरुको अभिलेखिकरण
- NPA Profile प्रकाशन
- Website सुधार

**सांगठानिक कार्यहरु**

- सल्लाहकारको मनोनयन
- उपसमितिहरुको गठन तथा कार्यविभाजन
- NPA Talk Program संचालन
- सदस्यहरु विचमा समन्वय तथा सुझाव संकलन

**चुनौतिहरु तथा संभावना**

विगत वर्षहरुको अनुभव र वर्तमान परिस्थितिलाई आधार मान्दा हामीले गर्ने काम तथा सहकार्यमा पनि केहि जटिलताहरु देख्न र अनुभव गर्न सकिन्छ ।

**चुनौतिहरु**

- विभिन्न संघ संस्थासँग समन्वय गरी गरिने कार्यक्रमहरु चुनावले केहि प्रभावित भयो भने अझै पूर्णरुपमा कार्यलाई अगाडी बढाउन केहि मिहिनेत गर्नुपर्ने देखिन्छ ।
- आफ्नो पेशा र व्यवसाय गरेर देशका विभिन्न भागमा छरिएर रहेका सदस्यज्यूहरुका अनुसन्धान, श्रोत सामाग्री र सामाजिक योगदानको संकलन पूर्ण रुपमा हुन सकेको छैन ।
- स्वदेश तथा विदेशमा रहनुभएका विभिन्न विधामा विद्यावारिधि प्राप्त बौद्धिक एवं विज्ञहरुको सञ्जाल निर्माण गरि संघमा आवद्ध गराई Think Tank को दायरालाई अझै बिस्तार गर्दै लानुपर्ने दखिन्छ ।
- सम्पूर्ण सदस्यहरुको विश्वास र भरोसा संघको आर्थिक आधारशिला भएता पनि संघलाई आर्थिक रुपमा सबल, भरपर्दो र मजबुत बनाउने ।
- त्रिभुवन विश्वविद्यालयको एकाधिकार नीतिको प्रभाव र विभेदकारी कार्यको प्रभाव
- यस संघमा आवद्ध हुनकालागि सदस्यताको मापदण्डको बुझाईमा फरक

**सम्भावनाहरु तथा आगामि कार्य दिशा**

- नेपाल विद्याविरिधि संघलाई नेपाली समाज र अन्तराष्ट्रिय समुदायका अगाडि एउटा प्रतिष्ठित Think Tank को रुपमा स्थापित गर्न सकिने ।

- संघमा आवद्ध सदस्यहरुको संलग्नता र निरन्तर प्रयासमा नेपाल विद्यावारिधि संघको केन्द्रीय कार्यालयहरुलाई Resourceful अनुसन्धान केन्द्रको रुपमा विकास गरी युवा पुस्तालाई अध्ययन अनुसन्धानमा उत्प्रेरित गर्ने ।
- Research Methodology, Proposal Writing, Macroeconomic Analysis, PhD help desk लगायतका कार्यक्रमहरुको विस्तार गरी अध्ययन अनुसन्धानको माध्यमबाट ज्ञान र शीपलाई अझ प्रगाढ बनाई आर्थिक सामाजिक विकासमा योगदान पुर्याउने ।
- विभिन्न विधामा विद्यावारिधि गरेका नेपालीहरु, विदेशमा रहेका PhD holder नेपालीहरु तथा विदेशीहरुबीच सम्बन्ध स्थापित एवं विस्तार गरी संघले सहकार्य गर्न सक्ने ।
- देशमा विद्यमान समसामयिक मुद्दाहरुमा केन्द्रित रही नीति निर्माणकर्ता, प्राज्ञिक समुदाय, बौद्धिक वर्ग र विभिन्न सरोकारवालाहरु बीच छलफल, बहस एवं अन्तरक्रियाहरु संचालन गरी प्राप्त राय सुझावहरु नीति निर्माणकर्तालाई पृष्ठपोषण गरी संघको चिनारीका साथै सामाजिक योगदान तथा प्रतिष्ठालाई संगैसंगै अगाडि बढाउने ।

**भावियोजना तथा कार्यक्रम**

- वार्षिक कार्ययोजना तयार गर्ने
- तीनै तहका सरकारसंग समन्वय तथा सहअस्तित्व रहित कार्य गर्ने
- विभिन्न सरोकारवाला निकायसंग सहकार्य गर्ने
- कार्यक्षेत्र विस्तार गर्ने
- NPA talk Program लाई व्यवस्थित गर्दै लैजाने
- विद्यावारिधि सदस्यहरुसंग सम्वन्ध विस्तार तथा समन्वय गर्ने
- रिसर्च जर्नल प्रकासन गर्ने

**विद्यावरिधिको दायरा**

विद्यावारिधिको कार्यक्षेत्र तथा बौद्धिक व्याक्तित्वहरु, पुर्व प्रसासकहरु, युवा विद्धत्व वर्गलाई समेत समेटनेगरि कार्यक्रम तथा कार्यक्षेत्र विस्तार गर्नुपर्ने आवश्यकताको महसुस हुदै गएको छ ।